कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित र सञ्चालित

# SANVI €Nergy

# सान्भि इनर्जी लिमिटेड
# SANVI ENERGY LIMITED

**रजिष्टर्ड ठेगाना:** काठमाडौं महानगरपालिका, वडा नं. २, मेट्रोपार्क विल्डिङ्ग, लाजिम्पाट, काठमाडौं, नेपाल,
फोन नं. : ९७७-०१-४५१५५१३, वेबसाइट: www.sanvienergy.com इमेल: energysanvi513@gmail.com

## साधारण शेयर निष्काशन तथा बिक्री बन्द बारेको सूचना

सान्भि इनर्जी लिमिटेडको जारी पुंजी रु. ८८,००,००,०००/- (अक्षरेपी अठासी करोड रुपैयाँ मात्र) मध्ये १०% अर्थात रु. ८,८०,००,०००/- (अक्षरेपी आठ करोड असी लाख रुपैयाँ मात्र) रकम बराबरको रु. १००/- अङ्कित दरका ८,८०,००० कित्ता शेयर आयोजना प्रभावित क्षेत्रका स्थानीय स्थायी बासिन्दाहरु, जारी पुंजीको ३३.०७% अर्थात रु.२९,१०,००,०००/- (अक्षरेपी उनन्तीस करोड दश लाख रुपैयाँ मात्र) रकम बराबरको रु. १००/- अङ्कित दरका २९,१०,००० कित्ता साधारण शेयरको १०% अर्थात २,९१,००० कित्ता साधारण शेयर नेपाल सरकारको सम्वन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी बैदेशिक रोजगारीमा रहेका नेपालीहरु, ५% अर्थात १,४५,५०० कित्ता साधारण शेयर सामूहिक लगानी कोष, २% अर्थात ५८,२०० कित्ता साधारण शेयर कम्पनीमा कार्यरत कर्मचारीहरुलाई बाँडफाँड गरे पश्चात् बाँकी रहेको २४,१५,३०० कित्ता साधारण शेयर सर्वसाधारणहरुका लागि मिति २०८२ जेठ ०९ गतेदेखि निष्काशन तथा बिक्री खुला गरिएकोमा आवेदकहरुबाट माग गरे भन्दा बढी शेयर खरिदका लागि आवेदन प्राप्त हुन आएकोले **आज मिति २०८२ जेठ १३ गते (बैकिङ्ग समय पश्चात्)** सो शेयरका लागि आवेदन लिने कार्य बन्द गरिने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि सूचित गर्दछौं ।

यस निष्काशन कार्यमा संलग्न सि-आस्वा सदस्य बैंक तथा वित्तीय संस्थाहरुले यसै सूचनालाई आधिकारिक मानी साधारण शेयरका लागि दर खास्त बुझिलिने कार्य **आज मिति २०८२ जेठ १३ गते (बैकिङ्ग समय पश्चात्)** बन्द गर्नु हुन अनुरोध गर्दछौं ।

यस निष्काशन कार्यमा सहयोग तथा सद्भाव प्रदान गर्नुहुने सम्पूर्ण शुभेच्छुकहरु, लगानीकर्ता आवेदकहरु, सि-आस्वा सदस्य बैंक तथा वित्तीय संस्थाहरु, नियमन निकाय तथा सम्बन्धित सबै निकायहरुमा धन्यवाद ज्ञापन गर्दछौं ।

| दरखास्त दिनुपर्ने न्यूनतम कित्ता : १० कित्ता | दरखास्त दिन पाउने अधिकतम कित्ता : २०,००० कित्ता |
|---|---|

**दरखास्तसाथ प्रति शेयर रु.१००/- का दरले शत्प्रतिशत भुक्तानी गर्नुपर्ने**

| क्र.सं. | विवरणपत्र प्राप्त गर्न सकिने संस्थाको नाम र ठेगाना |
|---|---|
| १. | नेपाल एसबिआई मर्चेण्ट बैंकिङ्ग लिमिटेड, लेखनाथमार्ग, ठमेल, काठमाडौं, नेपाल । |
| २. | सान्भि इनर्जी लिमिटेड, का.म.न.पा.वडा नं. २, लाजिम्पाट, उत्तरढोका, मेट्रोपार्क विल्डिङ्ग, काठमाडौं, नेपाल । |

साथै, धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको वेबसाइट: www.nsmbl.com.np निष्काशनकर्ता कम्पनीको वेबसाइट www.sanvienergy.com र नेपाल धितोपत्र बोर्डको वेबसाइट www.sebon.gov.np बाट समेत यस निष्काशनको लागि स्वीकृत विवरणपत्र डाउनलोड गरी अध्ययन गर्न सकिनेछ ।

| क्र.सं. | दरखास्त फारम प्राप्त गर्ने र बुझाउने स्थान: |
|---|---|
| १. | नेपाल धितोपत्र बोर्डबाट स्वीकृति प्राप्त गरेका सम्पूर्ण सि-आस्वा (C-ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाहरु मार्फत वा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट निर्माण गरिएको सफट्वेयर **"मेरो शेयर"** अनलाइन प्रयोग गरी आवेदन दिन सकिने छ । |

**नेटवर्थ सम्बन्धी विवरण:**

| विवरण | वास्तविक | | | अपरिष्कृत पौष मसान्त २०८१ | प्रक्षेपित | | |
|---|---|---|---|---|---|---|---|
| | ०७८/०७९ | ०७९/०८० | ०८०/०८१ | | ०८१/०८२ | ०८२/०८३ | ०८३/०८४ |
| प्रति शेयर नेटवर्थ रु. | १०४.२४ | १०४.४९ | १२०.७४ | १२४.२० | १२१.३३ | १३२.३६ | १४६.३१ |
| प्रति शेयर आम्दानी रु. | १०.७३ | ५.७२ | १७.०३ | ३.८१ | ९.५३ | ११.०२ | १२.८५ |
| सञ्चित नाफा नोक्सान (रु. हजारमा) | २०,७८७ | २२,४९५ | १०३,८८६ | १२१,२५९ | १८७,७८४ | २८४,७७२ | ४०७,५६३ |

**जलविद्युत आयोजनाको प्रति मेगावाट लागत सम्बन्धी विवरण:**

जोगमाई खोला साना जलविद्युत आयोजना (७.६ मे.वा) को कूल लागत रु. १,५७,२९,५२,५४४/- (Interest During Construction सहित) छ भने यस आयोजनाको प्रति मेगावाट लागत रु. २०,६९,६७,४४०/- रहेको छ। त्यसैगरी निर्माणधिन जोगमाई क्यासकेड जलविद्युत आयोजना (५.२ मे.वा.) को कूल अनुमानित लागत रु.१,००,९१,१३,०००/- (Interest During Construction सहित) छ भने यस आयोजनाको अनुमानित प्रति मेगावाट लागत रु.१९,४०,६०,१९२.३१ रहेको छ ।

**विद्युत उत्पादन अनुमतिपत्रको बाँकी अवधि:**

अनुमतिपत्र बहाल रहने अवधि जोगमाई खोला साना जलविद्युत आयोजना (७.६ मे.वा) को मिति २०६९/१२/२९ देखि २१०४/१२/२८ सम्म रहेकोले हालबाट २३ वर्ष १ महिना बाँकी रहेको तथा जोगमाई क्यासकेड जलविद्युत आयोजना (५.२ मे.वा.) को मिति २०७६/१०/०१ देखि २११२/०९/३० सम्म रहेकोले हालबाट ३० वर्ष ११ महिना बाँकी रहेको छ ।

**परियोजनाको लगानी फिर्ता हुने अवधि (Pay Back Period) सम्बन्धी विवरण:**

जोगमाई खोला साना जलविद्युत आयोजना (७.६ मे.वा) को साधारण लगानी फिर्ता हुने अवधि (Normal Pay Back Period): ५.५३ वर्ष र डिस्काउण्टमा लगानी फिर्ता हुने अवधि (Discounted Pay Back Period): ८.२९ वर्ष, खुद वर्तमान मूल्य (NPV) रु.५५,५८,८८,५१७, आन्तरिक प्रतिफल दर (IRR) १६.४२% रहेको छ भने जोगमाई क्यासकेड जलविद्युत आयोजना (५.२ मे.वा.) को साधारण लगानी फिर्ता हुने अवधि (Normal Pay Back Period): ६.७३ वर्ष र डिस्काउण्टमा लगानी फिर्ता हुने अवधि (Discounted Pay Back Period): ११.१० वर्ष, खुद वर्तमान मूल्य (NPV) रु.३१,३४,५५,०००, आन्तरिक प्रतिफल दर (IRR) १३.७८% रहेको छ ।

**जलविद्युत आयोजनाको कुल लागत विवरण:**

जोगमाई खोला साना जलविद्युत आयोजना (७.६ मे.वा) को कुल लागत (Interest During Construction (IDC) सहित रु. १,५७,२९,५२,५४४/- रहेको छ। त्यसैगरी निर्माणधिन जोगमाई क्यासकेड जलविद्युत आयोजना (५.२ मे.वा.) को कूल अनुमानित लागत (Interest During Construction (IDC) सहित रु.१,००,९१,१३,०००/- रहेको छ ।

**इस्युअर रेटिङ्ग सम्बन्धी विवरण:**

**यस विवरणपत्र अनुसार निष्काशन गरिने साधारण शेयरको लागि धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ मा भएको व्यवस्था बमोजिम कम्पनीको इस्युअर रेटिङ्ग गराउनु पर्ने भएकोले "क्रेडिट रेटिङ्ग नियमावली, २०६८" को नियम ३ मा भएको व्यवस्था बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था केयर रेटिङ्गस् नेपाल लि.बाट इस्युअर रेटिङ्ग गराई सो को रेटिङ्ग मिति २०२४ डिसेम्बर २४ गते [CARE-NP BB+( IS) {Double B Plus (Issuer)}" प्रमाणपत्र प्राप्त गरेको छ । जसले समयमै कम्पनीको वित्तीय दायित्व बहन गर्ने क्षमतामा औषत जोखिम रहेको (Moderate risk of default regarding timely servicing of financial obligations) भन्ने जनाउँदछ । सो रेटिङ्गको वैद्यता मिति २०२६ फेब्रुअरी २७ तारिख सम्म रहने छ । केयर रेटिङ्गस् नेपाल लि. ले CARE-NP AAA (IS) देखि CARE-NP D(IS) सम्मको रेटिङ्ग प्रदान गर्दछ । जसमा CARE-NP AAA (IS) ले बलियो आधार लाई जनाउँदछ भने CARE-NP D(IS) ले कमजोर आधारलाई जनाउँछ । CARE-NP BBB देखि CARE-NP BB(Is) ले औसत आधारहरु जनाउँदछ। "CARE-NP B(Is), CARE-NP C(Is), "CARE-NP D(Is) ले औषत भन्दा कम आधारहरुलाई जनाउँदछ । दिईने आधारहरुमा प्रयोग गरिने "+ (Plus)" चिन्हले दिईएको समूहको तुलनात्मक सकारात्मक स्थितिलाई जनाउँदछ ।**

**लगानीकर्ताले धितोपत्रको सार्वजनिक निष्काशनमा लिखित वा विद्युतीय माध्यमबाट आवेदन दिंदा अनिवार्य रुपमा उक्त निष्काशनको लागि तयार गरेको विवरणपत्र पढि आफ्नो स्व:विवेकले दरखास्त दिनु हुन अनुरोध गर्दछौं ।**

यस निष्काशन सम्बन्धी विस्तृत जानकारीको लागि **मिति २०८२ जेठ ०१ गतेको "अन्नपुर्ण पोष्ट"** राष्ट्रिय दैनिकमा प्रकाशित आह्वान-पत्र वा निष्काशन कम्पनीको वेभसाइट www.sanvienergy.com, नेपाल धितोपत्र बोर्डको वेवसाइट: www.sebon.gov.np अथवा धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको वेभसाइट www. nsmbl.com.np मा रहेको **"विवरणपत्र"** हेर्नुहुन अनुरोध गर्दछौं ।

**धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक:**

**नेपाल एसबिआई मर्चेण्ट बैंकिङ्ग लिमिटेड**
**Nepal SBI Merchant Banking Ltd.**

लेखनाथमार्ग, ठमेल, काठमाडौं,
फोन नं. ०१-४५१२७४३, ४५४१७८०
वेवसाइट: www.nsmbl.com.np